# अपिहिमाल गाउँपालिका दार्चुलाको
# आ.ब. २०७८।०७९ को लागि
# नीति तथा कार्यक्रम
## २०७८

धर्मानन्द सिह मन्याल

अध्यक्ष

अपिहिमाल गाउँपालिका, खण्डेश्वरी, दार्चुला

गरिमामय गाउँसभाका अध्यक्ष ज्यू,गाउँसभाका सदस्य ज्यूहरु,गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु,

१) गरिमामय बाह्रौ गाउँसभामा अपिहिमाल गाउँपालिका सरकारको आर्थिक बर्ष २०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म गौरवान्वित भएको छु ।

२) देश संघियतामा गइसकेको अवस्थादेखि हालसम्म गाउँपालिका सञ्चालनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने जग्गा दाताहरु,सकारात्मक सुझाव सल्लाह दिनुहुने वुद्धिजिवि,जेष्ठनागरिक, समाजसेवि,राजनितिकर्मी,युवावर्ग,शिक्षक,कर्मचारी,सुरक्षाकर्मी,स्वयंसेवक लगायत सम्पूर्णमाअपिहिमाल गाउँपालिकालाइ यो अवस्थासम्म ल्याइपुर्याउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान दिनुहुने सम्पुर्णमा आभार प्रकट गर्दछु ।

३) विगतमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका विभिन्न राजनैतिक आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञातअज्ञात सहिदहरुप्रति उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । राजनैतिक आन्दोलनका क्रममा घाइते भएका र बेपत्ता भएका योद्धाहरुप्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्दछु ।

४)कोभिड १९ ले सिगों मानव जाति संकटमा परेको अवस्थामा यस अपिहिमाल गाउँपालिकालाई सहयोग गर्नुहुने नेपाल रेडकस सोसाइटी जिल्ला शाखा दार्चुला,अपिहिमाल गाउँपालिका पूर्व विद्यार्थि समाज,ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना,अपिहिमाल गाउपालिका भित्र रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरु जो यस विषम परिस्थितिमा पनि आफ्नो जिउ-ज्यानको वास्ता नगरी कटिवद्ध रुपमा अपिहिमाल वासीहरुको घरघरमा गई स्वास्थ्य चेक जाँचका साथै औषधीउपचार गरी कोभिड १९ को रोकथाम तथा नियन्त्रणमा अहम भुमिका खेल्नुहुने सम्पूर्ण स्वास्थ्यकर्मिहरु लाई अपिहिमाल गाउँपालिका हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछ । साथै कोभिड १९रोकथाम तथा नियन्त्रणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सुरक्षाकर्मी,शिक्षक विद्यार्थी,राजनितिक दल,आमा समूहहरु,विभिन्न युवा क्लवहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

अध्यक्ष महोदयः

५) आज हामी कोभिड १९ को विषम परिस्थितीमा उभिएका छौ ।कोभिड १९ को महामारीले गर्दा सिङ.गो मानव जाति त्रसित अवस्थामा छौ । संकटको चोबाटोमा उभिएर म अपिहिमाल गाउँपालिका अतित तर्फ यस गरिमामय गाउँसभाको ध्यान आकृष्ट गर्न चाहन्छु । नेपाली जनताले विभिन्न समयमा चलाएका मुक्ती आन्दोलनको जगमा उभिएको लोकतान्त्रीक गणतन्त्र नेपालको परिर्वतित सासकीय स्वरुप अनुरुप यस गाउँपालिकामा साविकका घुसा,खण्डेश्वरी,सितोला र गुल्जरका केही वडाहरु मिलाएर वनेको कुरा सर्वविदितै छ ।

६)अपिहिमाल गाउँपालिका आफैमा थुप्रै पर्यटकीय सम्भावना रहेको पालिका हो ।यस पालिकाको अहिलेको विद्यमान आर्थिक परिवेश भन्नुपर्दा वढीभन्दा वढी मानिसहरु यार्चागुम्वा तथा जडीवुटी संकलन वाट आर्थिक समस्या समाधान गरिरहेका छन भने पछिल्लो समय अपिहिमाल गाउँपालिका र पालिका भित्र रहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण अन्तरगत थुप्रै संरचनाहरुको निर्माण कार्य हुदै गए त्यसै गरी जिविकोपार्जन तर्फ व्यसायिक रुपमा तरकारी खेती वेमौसमी तरकारी खेती लगायत अन्य कृयाकलापहरु बाट थोरै भए पनी आर्थिक सुधार भएको पाइनुका साथै वेरोजगार युवायुवतीहरुका लागि प्रधानमन्त्री स्वरोजगार मार्फत आफ्नै वडा वस्तीहरुमा कामगरी आर्थिक समस्या लाई थोरै मात्रामा भएपनी न्युनिकरण गरिएको महशुस गरिएको छ भने केही मानिसहरु वैदेशिक रोजगारमा वाहिर गएर आर्थिक समस्या समाधान गरिरहेको अवस्था छ ।

७)अपिहिमाल गाउँपालिकाको सामाजिक अवस्था विगत दिनहरु भन्दा धेरै सुधारउन्मुख रहेको महशुस गरिएको छ ,पछिल्लो समय पालिका भित्ररहेका प्रत्येक वडाहरुमा सामुदायिक विद्यालयहरु संचालन गरिनुका साथै छरिएर रहेका वस्तीहरु लाइ मध्यनजर गरि वस्तीहरुमा समेत वालविकास कक्षा संचालन गरिएका छन् ।पालिकाका २ वडाहरुमा स्वास्थ्य चौकी वाट र ४ वटा वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट सेवा दिने कार्य भै रहेको छ । त्यसै गरि पालिका र गै.स.स. मार्फत स्थानीय,जातिय,भाषिक,लैगिंक,भौगोलिक वर्गको विकास र सशक्तिकरणका लागि पैरवी र सचेतना बढाउने कार्य भैरहेको छ । भने रुढीवादी परम्पराले जरो गाडेको छाउपडि प्रथालाइ मर्यादित स्वच्छता व्यवस्थापनका लागि कर्मचारी परिचालन गरी समुदाय स्तरमा सचेतनामुलक कार्यकम सञ्चालन गर्दै आइरहेकोले समाजिक परिवेश सुधारात्मक रहेको छ ।

८)यस अपिहिमाल गाउँपालिका गाउँकार्यपालिकाको नियमित कामकाज संचालन हुँदाका वखतका वेलाको प्रशासनीक कामकारवाहि अलिकति असहज भएता पनि हाल आएर अपिहिमाल गाउँपालिका वासीले गर्नु भएको योगदान प्रत्यक्ष अप्रत्यक्ष सहयोग र सल्लाह सुझाव अनुसार प्रशासनीक अवस्थामा एकदमै सुधार भएको महशुस गरेको छु। कर्मचारीहरुका निम्ति फाँटमा वसी कार्यगर्न असहजता भए पनि हाल आएर अपिहिमाल गाउँपालिकाले आफ्नै प्रशासनीक भवन बाट सेवा दिइरहँदा सेवाग्राही र सेवादाताहरु लाई सहजता भएको छ । फलस्वरुप प्रशासनीक कामकारवाही देखि लिएर अन्य सेवा प्रवाहमा चुस्तता ल्याउन सफल भएका छौ ।सेवा ग्राहीहरुको सजिलोको निम्ति प्रशासनीक भवनको वालहरुमा पेन्टिङ गरि नागरिक वडापत्रहरु निर्माण गरिएका छन् जसले गर्दा सेवा ग्राहीहरु आफै नागरिक वडापत्र मार्फत धेरै कुराहरुमा जानकार भएर सेवा लिइ घर फर्कने गरेका छन् ।

अध्यक्ष महोदय

९)अपिहिमाल गाउँपालिका आफैमा पर्यटकिय सम्भावना भएको गाउँपालिका भएकाले पर्यटकहरु भित्र्याउने उद्येश्यले शिझकरीकोट पर्यटकीय पदमार्ग संगै अपिवेश क्याम्प सम्मको पर्यटकिय पदमार्ग निर्माणमा जोड दिइयो ।

- व्यत्ति परिवार समाज र राष्ट्रको विकास गर्नका लागि पहिलो शर्त नै शिक्षा भएकाले शिक्षा क्षेत्र सुधार कार्यक्रम कार्यविधि निर्माण गरि कार्यान्वयन गर्न पहल गरियो ।
- गाउँगाउँमा स्वास्थ्य सेवाको पहुँच पुर्याउने उदेश्यले अपिहिमाल गाउँपालिकाका २ वटा वडाहरुमा स्वास्थ्य चौकी र ४ वटा वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन गरि सेवा प्रदान गर्ने कार्य भै रहेको छ ।
- अपिहिमाल गाउँपालिकाका सम्पूर्ण वडाहरुमा संस्थागत सुत्केरी वढाउने उदेश्यले वर्थिङ सेन्टरहरु निर्माण गरि स्वास्थ्य सेवा प्रहाव गर्ने कार्य सम्पन्न भएको छ ।
- संस्थागत सुत्केरी लाइ वढाउन र घरमैहुने सुत्केरी लाइ निरुत्साहीत पार्न स्वास्थ्य संस्थामा नेपाल सरकारको प्रोटोकल अनुसार कम्तिमा पनि ४ पटक गर्भवती जाँचका साथै स्वास्थ्य संस्थामै सुत्केरी भए वापत रु १००० का दरले "सुत्केरी आमा सुरक्षा कार्यक्रम"का रुपमा सेवा प्रदान गर्दै आएको छ ।
- नवजात शिशु मृत्यु दर घटाउनका लागि सुत्केरी आमाहरु लाई उपाध्यक्षको कोसेली कार्यक्रम संचालन गरिएको छ ।
- कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि अपिहिमाल ५ शौगन्नामा २ जना नर्सिङ स्टाफ सहित ५ शैया अस्पताल संचालनमा रहेको छ ।
- स्वास्थ्य सेवाको सहजै जनताहरुमा पहुँच पुर्याउने उदेश्यले चालु आ.व. देखि नै वडा नं २ र ३ मा ल्याब सेवा विस्तार गरिएको छ ।
- कोभिड १९ संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि घर घरमा स्वास्थ्य कर्मी कार्यक्रम संचालन गरिएको छ । जस अन्तर्गत वडा नं. १ मा ८८ घरधुरीमा ६१६ जनाले वडा नं २ मा १२० घरधुरीमा ७०२ जना, वडा नं. ५ मा १४० घरधुरीमा ९२१ वडा नं. ३ मा १२३ जना ले वडा नं. ३ र ४ मा खण्डेश्वरी स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी मार्फत ४४१ घर धुरीका १२४१ जनाले यो बन्दा बन्दीका वेला घर घर मा स्वास्थ्यकर्मी हरुबाट स्वास्थ्य सेवा प्राप्त गरेका छन्।
- नेपालको संविधानको भाग ३ को धारा ३५ को उपधार ४,स्थानीय सरकार संचालन ऐन २०७४ र दिगो विकास लक्ष्य नं ६ वमोजिम सन् २०३० भित्र सवैका लागि खानेपानी सरसफाई तथा स्वच्छता सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्न गाउँपालिकाले लिएको एक घर एक धाराको निति अनुरुप१४योजना मार्फत १,२,३,४, र ५वडाहरुमा ८९९ घरधुरीमाएक घर एक धारा निर्माण कार्य सम्पन्न भएको छ ।
- १वटा मा.वि मा मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनका निमित्त भेन्डिङ मेसिन जडान गरी प्रयोगमा ल्याईएको छ ।

- व्यवसायिक तथा वेमौसमी तरकारी खेतीको माध्यम बाट कृषकहरु लाई आत्मनिर्भर वनाउन प्लाष्टिक घर वितरण गरि आधुनिक कृषि खेति सम्वन्धि तालिम दिइ क्षमता अभिवृद् गर्ने कार्य गरिएको छ।
- अपिका वस्ती हिलो मुक्त वस्तीको अवधारणा अनूरुप वडा नं ६ वाहेकका वडाहरुमा पि सि सि बाटो निर्माण समपन्न उन्मुख रहेको छ।

अध्यक्ष महोदय:

- **पर्यटन पुर्वाधारको विकास संगै आर्थिक विकासका अवसरहरु पर्याप्तरहेका ।**
- **रैथानेकृषि वालिहरुको प्रवर्धन गरि कृषकहरुलाई आत्मनिर्भर वनाउन सकिने ।**
- **विभिन्न किसिमका साना मझौला तथा जलविधुत्त निर्माण गरि आर्थिक उन्नती गर्न सकिने ।**
- **पालिका भित्र पाईने विभिन्न किसिमका औषधीजन्य जडिवुडिहरुलाई संकलन गरि प्रशोधन तथा वजारीकरणको माध्यमवाट अपिहिमाल वासीहरुलाई आत्मनिर्भर वनाउन सकिने ।**
- **भेडापालन व्यवशाय संचालनगरि उन तथा मासुजन्य परिकारहरुको विक्रिवितरण वाट आर्थिक उन्नती गर्न सकिने ।**
- **व्यवशायिक रुपमा स्याउवैगचा निर्माण गरि स्याउ लेवलिङ प्याकेजिङका साथै विभिन्न परिकार तयार पारि आर्थिक उन्नती गर्न सकिने।**
- **अल्लो प्रशोधन गरि विभिन्न प्रकारका राडि पाखी निर्माण गरिपालिका वाहिर निर्यात गरि आयआर्जन वृदि गर्न सकिने।**
- **व्यवशायिक रुपमा राजुमा तथा आलु खेती लाई प्रवर्धन र लेवलिङ प्याकेजिङ गरि पालिका वाहिर निर्यात गरि आयआर्जन वढाउनसकिने ।**

अध्यक्ष महोदय

महामारीका कारण मानव जाति माथि शताब्दी कै सबैभन्दा ठुलो संकट पैदा भएको अवस्थामा विश्वस्तरमै यस महामारी विरुद्ध लड्न मौजुद स्वास्थ्य सेवा तथा सुविधाहरु अप्रयाप्त देखिनु, लाखौ मानिसहरुको ज्यान जानु, अर्थव्यवस्थामा गम्भीर धक्का पुग्नु , उद्यम व्यवसाय बन्द हुनु , रोजगारी गुम्नु तथा लाखौ मानिस संक्रमित भएका छन् । यस महामारीबाट संक्रमित भई नेपाल बाहिर जीवन गुमाउने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पुर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गदर्छु ।

यस कोभिड १९ महामारीबाट बच्न तथा जनचेतना दिन अपिहिमाल गाउपालिकामा नेपाल सरकारले अबलम्बन गरेको रणनीति, लकडाउनको नीति तथा समन्वयात्मक कार्यशैली लाई पुर्ण रुपमा पालना गर्दै प्रत्येक वडास्तरमा क्वारेन्टाइन स्थापना गरी स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य कर्मचारी मार्फत सेवा प्रवाह प्रदान गरी महामारी नियन्त्रणका लागि पहल भएको छ । यस लकडाउनको समयमा गाउपालिकाको प्रत्येक वडाहरुबाट विपन्न परिवारहरु छनौट गरी खाघान्न राहत स्वरुप वितरण गरिएको, सरसफाइ सामग्री वितरण गरिएको छ भने अपिहिमाल गाउँपालिकामा कोभिड १९ बाट थप महामारी बढ्न नदिन पुर्व तयारी का रुपमा गाउँपालिकास्तरमा आइसोलेसन कक्ष निर्माण गरी सुरक्षात्मक उपायहरुलाई निरन्तरता दिनुपर्ने अवस्था देखिन्छ ।

४) मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न एक कदम अगाडी बढेको , संविधान कार्यान्वयनको चरणमा रहेको र प्रशासनिक संयन्त्र सुदृढ गर्ने यात्रामा अघि बढेको छ । गाउँपालिकाभित्रको शिक्षा, स्वास्थ्य, पर्यटन, भौतिक पूर्वाधार, खानेपानी , सरसफाइ , स्वच्छता, महिला सशक्तिकरण, सहकारी विकास, शुशासन, जिविकोपार्जन र सामाजिक न्यायको बाटोमा उचित व्यवस्थापनसहित सम्पूर्ण वडाहरुको समग्र विकास र समृद्धिका लागि हामी दृढ संकल्पित छौ ।

**"अध्यक्ष महोदय"**

अब म गत आर्थिक बर्ष २०७७०७८सम्ममा घोषित नीति तथा कार्यक्रमहरुको उपलब्धिको बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु ।

## १) सामाजिक विकास

### १.१)शिक्षा

- शिक्षा सुधार कार्यक्रम अन्तरगत जनशक्ति आवश्यकता लाई परिपुर्ति गरियो ।
- शिक्षा सुधार कार्यक्रमको स्थानिय पाठयक्रम एक चरणमा निर्माण सम्पन्न भई दोश्रो परिमार्जनको चरणमा रहेको छ ।
- गाउँ-गाउँमा शिक्षाको पहुँच पुरयाउन चिल्डुग्रा, घुसा, सिती, कटेलीगाड, चौकीबगर तल्लो फेर सामुदायिक बाल बिकास केन्द्रहरु स्थापना गरी संचालनमा ल्याइयो ।

### १.२) स्वास्थ्य

- नेपालको संविधान २०७२ भाग ३ धारा ३५ को उपधारा १ र ३ बमोजिम प्रत्येक नागरिक लाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ । साथै धारा ३ मा उल्लेख भए बमोजिम प्रत्येक नागरिक लाई स्वास्थ्य सेवामा समान पहुँच हुनेछ । भन्ने उल्लेख गरे बमोजिम गाउँ-गाउँमा स्वास्थ्यको पहुच पुऱ्याउने उद्धेश्यले ५ वटा वडाहरुमा बर्थिङ्ग सेन्टरको भवन निर्माण कार्य सम्पन्न गरिएको छ भने । एउटा वडामा निर्माण कार्य भै रहेको छ ।
- ४ वटा वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्रनिर्माण सम्पन्न भएका र २ वटा वडाहरुमा स्वास्थ्य चौकीको निर्माण कार्य अन्तीम चरणमा रहेको जानकारी गराउँदछु ।
- अपिहिमाल बासीहरुलाई कोभिड १९ को संक्रमण बाट बचाउन, रोकथाम तथा नियन्त्रण का लागि गाउँपालिकाभित्रका विरामीहरु स्वास्थ्य संस्थासम्म पुग्न नसकेको अवस्थामाटोल टोलमा स्वास्थ्यकर्मी कार्यक्रम संचालन गरी घरमै स्वास्थ्य सेवा प्रवाह गरियो ।
- संस्थागत सुत्केरी लाइ वढाउन र घरमैहुने सुत्केरी लाइ निरुत्साहीत पार्नुका साथै गर्भवती र सुत्केरीहरुको पोषण स्थिति सुधार गर्न"गर्भवति र सत्केरी संग उपाध्यक्ष कार्यक्रम"संचालनमा गरियो
- नवजात शिशु मृत्यु दर घटाउनका लागि सुत्केरी आमाहरु लाई उपाध्यक्षको कोसेली कार्यक्रम संचालन गरिएको छ
- कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि अपिहिमाल ५ शौगन्नामा २ जना नर्सिङ स्टाफ सहित ५ शैया कोभिडअस्पताल संचालनमा रहेको छ ।

- स्वास्थ्य सेवाको सहजै जनताहरुमा पहुँच पुर्याउने उदेश्यले चालु आ.व २०७७। ७८ देखि नै वडा नं २ र ३ मा ल्याब सेवा विस्तार गरिएको छ ।

## १.३) संचार

- आजको युगमासंचार प्रत्येक व्यक्तिको जिवनशैली संग जोडिएको छ । तदनुरुप यस अपिहिमाल गाउँपालिका वडा नं. ३ मा जडान कार्य सम्पन्न भईसंचालनमा रहेको र वडा नं. ६ मा टेलिकम टावर निर्माण कार्य अन्तिम चरणमा रहेको जानकारी गराउँदछु ।
- गाउँपालिका भरी कार्यालय संचालनमा लिखित गर्दा प्रयोग हुने कागजी प्रविधिलाई निरुत्साहित गर्ने र उच्च प्रविधिलाई प्रवर्द्धन गर्न शिक्षा शाखा र आयुर्वेदिक शाखामा निःशुल्क इन्टरनेट सुविधा जडान गरिएको जानकारी गराउँदछु ।
- गाउँपालिका को काम कारवाही तथा सुचना प्रवाहलाई चुस्त दुरुस्त तथा प्रविधि मैत्री बनाउने उद्धेश्यका साथ नेपाल टेलिकमको लिज लाइन इन्टरनेट सेवा जडान गरि निरन्तर रुपमा संचालनमा रहेको जानकारी गराउँदछु ।

## १.४) भौतिक पूर्वाधार तथा यातायात

- **"अपिका बस्ती हिलो मुक्त बस्ती कार्यक्रम"** अन्तरगत ११६०० मिटर लक्ष्य राखिएकोमा आ.ब. २०७७।०७८ सम्म १०२३६.८९ मिटर पि.सि.सि. बाटोनिर्माण गरिएको जानकारी गराउँदछु ।
- अपिहिमाल गाउँपालिका प्रशासनिक भवनहरु र वडा नं. ५ को वडा कार्यालय भवन निर्माण भई संचालनमा रहेको, सिद्ध मकरीकोट पर्यटकीय पदमार्ग १५०० मिटर निर्माण सम्पन्नोन्मुख र ३०० मिटरको टेन्डर भई कार्यान्वयनमा रहेको,अपिहिमाल ३ स्यागंला तथा अपिहिमाल १ थेपले गरि २ वटा काठेपुल २२ मि. सम्पन्न भएको, अपिहिमाल ४ खत्तोली तथा अपिहिमाल २ पाटु गरी १६८ मि. ढलनिकास निर्माण कार्य सम्पन्न गरियो १ वटा ट्रसपुल र २ वटा झोलुगें पुल निर्माण कार्य सम्पन्न गरिएको जानकारी गराउँदछु ।
- मकरीगाड देखि गाउपालिका सदरमुकाम सम्म जोडने मोटर बाटोको जिरो प्वान्इट मकरीगाड देखि ५०० मिटरजति सडकको ट्रयाक खोल्ने कार्य भएको जानकारी गराउँदछु ।

## १.५) खानेपानी, सरसफाइ, स्वच्छता तथा जिविकोपार्जन

- नेपालको संविधान २०७२ भाग ३ धारा ३५ को उपधारा ४, स्थानिय सरकार संचालन ऐन २०७४ र दिगो विकास लक्ष्य नं. ६ बमोजिम सन् २०३० भित्र सबैका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्न गाउपालिकाले लिएको **"एक घर एक धारा"** नीति अनुरुप १४ वटा योजना मार्फत ८९९ वटा चागं सहितको निजीधारा निर्माण कार्य सम्पन्न भएको छ ।

- अपिहिमाल गाउँपालिका ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाबाट संस्थागत शौचालय निर्माण तथा सुधार अन्तरगत ६ वटा शौचालय निर्माण तथा १ वटा सार्वजनिक शौचालय निर्माण सम्पन्नभएको जानकारी गराउँदछु ।
- अपिहिमाल गाउँपालिका ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाबाट जिविकोपार्जन क्षेत्र अन्तरगत ५९ जना किसानहरुलाई तालिम सहित पोलीहाउस सेट सहयोग भएको, १० वटा कृषि समुहलाई घरबारी व्यवस्थापन तालिम प्रदान गरी कृषि शाखामा दर्ता गर्ने कार्य गरिएको जानकारी गराउँदछु ।
- जलवायु परिवर्तन अनुकुलन क्षेत्र अन्तरगत १५४ वटा सुधारिएको चुलोमा सहयोग भएको छ ।
- सुशासन तथा क्षमता विकास अन्तरगत गाउँपालिका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, किसानहरुलाइ विभिन्न तालिम गोष्ठी प्रदान गरिएको जानकारी गराउँदछु ।
- अपिहिमाल गाउँपालिका ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना र मलदेश बचत तथा ऋण सहकारीको कार्यान्वयन साझेदारीमा गाउपालिकाको वडा नं. ३ मा उत्पादन भएको डालेचुक संकलन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यहरु गरिएको जानकारी गराउँदछु ।

**१.६) कृषि शाखा**

- वडा नं २ मा ५७ र वडा नं ४ मा ८४ गरि जम्मा १४१ घरधुरीमा पोलीहाउस तथा विउबिजन वितरण तथा किसानहरुलाई क्षमता विकास गर्ने कार्य सम्पन्न भएको छ ।
- वडा नं. ३ को पाथा, कसौती, तोत्थी रंघाडी, घाजिर, कोर्थी गरी ५३ घरधुरीलाई गोल्डेन ४०० स्याउ विरुवा डेलिसियस, गाला, फुजी तथा कश्मीरी हाइचिलिगं ५०० स्याउ विरुवा वितरण गरियो ।
- वडा नं. ४ र ५ मा फयागुइट, चालान्दर जातको १००० ओखर विरुवा वितरण गरियो ।
- वडा नं. २ र ३ मा राजिमा खेती कार्यक्रम राजिमाको बिउ वितरण कार्य संचालन रहेको जानकारी गराउदछु ।
- २० वटा समुह कृषि शाखामा दर्ता गर्ने कार्य गरिएको छ ।

**१.७) भेटेनरी शाखा**

- वडा नं. २, ३,६ मा एक वडा एक उत्पादन अन्तरगत३ वटा भेडापालन समुह मार्फत ७५ घरधुरी लाई स्थलगत तालिम, अवलोकन भ्रमण, मेशिन ओजार, गोठ सुधार, औषधी, ३०० वटा भेडा वितरण कार्यक्रम सम्पन्न हुने चरण रहेको र सोही कार्यक्रम अन्तरगत वडा नं. ५ मा बाखापालन समुह मार्फत २३ घरधुरी लाई स्थलगत तालिम, अवलोकन भ्रमण, मेशिन ओजार, गोठ सुधार, औषधी, १०० वटा बाखा वितरण कार्यक्रम सम्पन्न हुने चरण रहेको जानकारी गराउदछु ।

- वडा नं. १ मा उन प्रवर्द्धन कार्यक्रम अन्तरगत १ वटा भेडापालन समुह मार्फत २५ घरधुरी लाई स्थलगत तालिम, अवलोकन भ्रमण, मेशिन ओजार, गोठ सुधार तथा व्यवस्थापन, औषधी उपचार, ७५ वटा भेडा र ५ वटा थुमा वितरण कार्यक्रम सम्पन्न हुने चरण रहेको छ
- वडा नं. ६ मा बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द (पकेट विकास) कार्यक्रम मार्फत २५ घरधुरी लाई स्थलगत तालिम, अवलोकन भ्रमण, मेशिन औजार, गोठ सुधार तथा व्यवस्थापन, औषधी उपचार कार्यक्रम सम्पन्न हुने चरण रहेको छ ।
- संघ, प्रदेश र स्थानिय तहको लगानीमा वडा नं.३ मा लागत साझेदारीमा भेडा संरक्षण कार्यक्रम संचालनको क्रममा रहेको जानकारी गराउदछु ।

### १.८) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

- वडा नं. १,२,३,र ४ गरी लघु उद्यम विकास मोडेल अनुसार ६० जनामा आलु खेती, लोक्ता झोला, दालमोठ, मिठाई, राडीपाखी उद्यममा नया उद्यमी सृजना गर्ने कार्य सम्पन्न गरिएको छ ।

### १.९)महिला विकास शाखा

- गाउपालिका भरीको महिला, बालबालिका , जेष्ठ नागरिक , अपागंता भएका व्यक्ति, स्थानिय अल्प संख्यकहरुको तथ्याकं संकलन गर्ने कार्य सम्पन्न गरियो ।
- अपिहिमाल गाउँपालिकाका सवै वडाहरुका लागि सञ्चान गरिएको अपागं परिचय पत्र वितरण शिविर मार्फत १५६ जना लाई परिचय पत्र वितरण गरिएको जानकारी गराउदछु ।
- लैगिंक हिसां निवारण कोष संचालन कार्यविधि २०७७स्वीकृत गराई गाउपालिका हिसांबाट पिडित महिला, बालबालिकाहरुलाई सहयोग गर्ने उद्धेश्यस्थापना गरिएको जानकारी गराउदछु
- लैगिकं हिसां विरुद्धको १६ दिने अभियान, १११ औ अन्तरराष्टिय महिला दिवस, विश्व हातधुने दिवस मार्फत महिला तथा पुरुषहरुलाई विभिन्न कार्यक्रम मार्फत जनचेतना दिने कार्य गरियो

### २) पञ्जिकरण शाखा (सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता , सुदृढीकरण आयोजना)

- अपिहिमाल गाउपालिका का सबै वडा कार्यालयको लागि कार्यालय व्यवस्थापनका लागि कम्प्युटर लगायत आवश्यक औजार खरिद तथा वितरण गरियो ।
- ६ वटै वडा कार्यालयमा रहेका व्यक्तिगत घटनाहरु ५२०० लाइ डिजिटाइजेशन गर्ने कार्य सम्पन्न गरियो ।
- ६ वटै वडामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता , गुनासो दर्ता सम्बन्धी शिविर मार्फत २८७ जना को घटना दर्ता गरियो ।

## २.१)रोजगार सेवा केन्द्र

- ६ वटै वडाहरुमा १८ वटा योजना मार्फत ५१९ जना बेरोजगार मध्ये ३४१ जना बेरोजगारहरुलाइ १०० दिन बराबरको रोजगारी प्रदान गरियो ।
- ६ वटै वडाहरुबाट प्राप्त बेरोजगारको तथ्याकं लाई EMIS मा अद्यावधिक गर्ने कार्य सम्पन्न गरियो ।

## २.२) विपद् व्यस्थापन शाखा

- कोभिड १९ लाई मध्यनजर गरी अपिहिमाल गाउपालिकाका ६ वटै वडाहरुका सामाजिक सुरक्षा भत्ता पाउने जेष्ठ नागरिक, महिला र पुरुष गरी ३०० जना र दिर्घ रोगी १९ जनालाई थरमस वितरण गर्ने कार्य गरियो ।
- अपिहिमाल गाउपालिकाभित्रका ३५ बस्तीका १०७ घरधुरीहरुलाई हिमपात जोखिम बस्ती छनौट गरी जिल्ला विपद व्यवस्थापन समिति मा विवरण पठाउने कार्य गरियो ।
- अपिहिमाल गाउपालिकाभित्रका १४ बस्तीहरुलाई विपद जोखिम बस्ती छनौट गरी जिल्ला विपद व्यवस्थापन समिति मा विवरण पठाउने कार्य गरियो ।
- मनसुनजन्य विपद प्रभावित निजि आवास पुनर्निमाण तथा पुनर्स्थापन अनुदान कार्यविधि अनुसार विपदमा परेका ९ जनाको विवरण (पुनर्निमाण तर्फ ६, प्रबलीकरण तर्फ ३) जिल्ला प्रशासन कार्यालय, विपद व्यवस्थापन शाखामा पठाएको र राहत रकम स्वीकृत भएको ।
- अपिहिमाल गाउपालिका भित्रका विभिन्न किसिमको विपदमा परेका ५१ जनालाई राहत वितरण र ६ जनालाइ आर्थिक सहयोग उपलब्ध गरिएको थियो ।

**अध्यक्ष महोदय**

नेपालको संविधान २०७२, स्थानिय सरकार संचालन ऐन २०७४, स्थानिय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित), संघ, प्रदेश र स्थानिय तहको नीति का आधारमा आर्थिक बर्ष २०७८।०७९ को निति तथा कार्यक्रम तयार पारिएको छ ।

स्थानीय तह निर्माण पश्चात् स्थापित अपिहिमाल गाउँपालिकाको **बाह्रौ गाउँसभामासुखी नेपाली समृद्ध नेपालको परिकल्पना साकार गर्न** अपिहिमाल गाउँपालिकाको **“संमृद्ध र खुसी अपिका लागी जादुगरी चार आधार स्वास्थ्य, शिक्षा, कृषि र पर्यटन बोक्ने रोजगारमुखी दिगो पूर्वाधार”**सहितको दिर्घकालीन सोचमा आधारित नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु

गरिमामयसभाका अध्यक्ष ज्यू

# आर्थिक विकास

१. अपिहिमाल गाउँपालिकाका सम्पुर्ण वडाहरु बाट प्राथमीकिरण भइ आएका योजनाहरुको योजना बैकं आधारमा कोभिड १९ र विविध कारणले बेरोजगार रहेका व्यक्तिहरुको लगत संकलन गर्न पालिकाभित्र **"रोजगार बैक"**को स्थापना गरी निर्माण हुने भौतिक पुर्वाधारहरुमा रोजगार बैकमा आवद्ध रहेका व्यक्तिहरुलाई प्राथमिकता दिने व्यवस्था गरिनेछ ।

२. संघीय सरकारको नीति अनुरुपका प्रधानमन्त्री स्वरोजगार कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक समन्वय गरी १०० जनालाई एक पटकमा १०० दिन बराबरको रोजगारीको व्यवस्था गरिने छ । साथै आवश्यकता अनुसार बेरोजगारहरुको पहिचान गरी संख्या थप गरिनेछ ।

३. कोभिड १९ को कारणले देशको अर्थतन्त्रमा पर्न जाने असर, खाद्यान्न आपुर्ति, बेरोजगारी समस्या समाधान गर्ने उद्धेश्यले कृषक बेरोजगारहरुलाई आयआर्जनमुखी बनाई आत्मनिर्भर बनाउन कृषि तर्फ विभिन्न बस्ती पहिचान गरी साना पकेट प्याकेज कार्यक्रम संचालन गरिने छ ।

४. आधुनिक ओखर,स्याउ, अमिलो जातका फलफुलका विरुवाहरु लागत साझेदारीमा वितरण गरिनेछ ।

५. मसलाबाली, तरकारी खेतीका लागि बिउँबिजन, पोलीहाउस लगायत अन्य औंजारहरु लागत साझेदारीमा वितरण गरिनेछ ।

६. कृषक समुह दर्ता तथा नवीकरण, व्यवसायिक फर्म दर्ता तथा नवीकरणमा विशेष जोड दिइनेछ ।

७. यस गाउँपालिकाको मुख्य उत्पादनको रुपमा रहेका रैथाने बाली (राजमा, जौं, कोदो, फापर आदि), मसला बाली (क्षेत्तेली रायो, लसुन, बेसार, अदुवा, प्याज, धनिया आदि) को संरक्षण, आधुनिकीकरण तथा व्यवसायिकरण गर्ने निति लिइ आवश्यक कार्यकमहरु तर्जुमा गरि कार्यान्वयन गरिने छ ।

८. अपिहिमाल गाउपालिका आफैमा पर्यटकीय संभावना बोकेको ठाउ भएकाले अर्नामेन्टल प्लान्ट ( आलंकारिक विरुवा), अलैची, स्टोबेरी, मेडिसिनल प्लान्ट आदि विरुवाको पकेट क्षेत्र मार्फत कार्यक्रम संचालन गरिनेछ ।

९. उत्कृष्ट कृषकलाई अवलोकन भ्रमण, प्रदर्शनी मेला आदि क्षेत्रमाप्रोत्साहन स्वरुप पुरुस्कृत गरिनेछ ।

१०. भेटेरीनरी तर्फ विगत बर्ष देखि काम गर्दै आइरहेका **एक वडा एक प्राविधिकलाई** केन्द्र सरकारको साझेदारीमा निरन्तरता दिइनेछ ।

११. प्रत्येक वडाहरुमा भेटेरीनरी तर्फ सेवा परामर्शमा कृषकको सहज पहुँच पुर्‍याउन शाखा विस्तारका साथै पशु स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. पशुपालनको उच्च संभावना बोकेको यस अपिहिमाल गाउँपालिकामा पशुजन्य पदार्थको मागलाई ध्यानमा राखी लागत साझेदारीमा भेडाबाखा संरक्षण कार्यक्रम लाइ निरन्तरता दिइने छ ।

१३. भेडाबाखाको साना व्यवसायिक कृषक उत्पादन, पकेट/प्याकेज कार्यकम लाइ निरन्तरता दिइने छ।

१४. ऊन विकासका लागि भेडा प्रवर्द्धन कार्यक्रम लाइ निरन्तरता दिइने छ।

१५. खेतीको लागि अयोग्य रहेको जमिनहरु चरिचरन तथा घाँस विकासका लागि प्रयोग गरिनेछ।

१६. खाद्यान्न आभाव हुन नदिन खाद्य सुरक्षा कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरिनेछ।

१७. पशु चरिचरनको लागि अपिनाम्पा र अन्य सम्बन्धित निकायसंग समन्वय गरी पशुपालनमा जनताको पहुचको सुनिश्चितताको लागि पहल गरिने छ।

१८. विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ दोश्रो लहरका कारण बढ्दै गइरहेको बेरोजगारीलाई घटाइ कृषकलाई पशुपालनमा आत्मनिर्भर बनाइ आयआर्जनमा बृद्धि गर्न किसानहरु गरे सिक्छन् देखे विश्वास गर्छन् भन्ने कुरालाई पुष्टी गर्न एक वडा एक उत्पादन कार्यक्रम लागु भएको ठाउमा पशुपालन पाठशालाहरु संचालन गरिनेछन् ।

१९. खच्चर व्यवसायीहरुलाई संगठित गरी एकीकृत भाडादर कायम गरिनेछ।

२०. धार्मिक स्थलहरुको आवश्यक संरक्षण तथा संवर्धन गरिनेछ।

२१. अपिहिमालबासीहरुको घर घरमा उज्यालो पुर्‍याउने उद्धेश्यले उज्यालो अपि कार्यकम यसै आर्थिक वर्षमा सम्पन्न गरिने छ।

२२. स्वासप्रश्वास रोगको मुख्य कारण घरभित्रको धुवा भएको हुदा यस आर्थिक बर्ष देखि धुवाँमुक्त अपि कार्यकम सञ्चालन गरिनेछ।

२३. वढ्दो वेरोजगारी लाइ कम गर्न निरजतानसेन युवा स्वरोजगार कार्यकम लाइ निरन्तरता दिइने छ

२४. पर्यटन पूर्वाधारका लागि आवश्यक व्यवस्थापन गरिने छ।

२५. उपभोक्ताहरुको उपभोग्य सामग्रीहरुको गुणस्तर कायम राख्न नियमित बजार अनुगमन तथा गुनासो सुनुवाई संयन्त्र मार्फत गाउँपालिका क्षेत्र भित्रका बजार अनुगमन तथा बजार व्यवस्थापन सुधार गर्ने प्रकृया लाई निरन्तरता दिदै सुर्तिजन्य पदार्थ बेचबिखनलाइ व्यवस्थित तथा सेवनलाई निरुत्साहित गर्नका लागि आवश्यक नीति नियमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२६. लघु उद्यम विकास मोडलमा नयाँ उद्यमी सृजना तथा पुराना उद्यमीहरुको स्तरोर्न्नति गरिनेछ।

२७. पर्यटन पुर्वाधारको लागि यस गाउँपालिकाभित्र होटल, रिसोर्ट, होमस्टे जस्ता पर्यटकीय पुर्वाधारमा लगानी गर्ने व्यवसायीलाई सहुलियत प्रदान गरी व्यवसाय सञ्चालनमा आवश्यक वातावरण निर्माण गरिनेछ।

२८. **"निर्माण भइसक्यो सिद्ध मकरीकोटको बाटो, खुल्ला भइसक्यो पर्यटन विकास को बाटो"** भन्ने मुख्य नाराका ठाउँ ठाउँमा अपिहिमाल गाउँपालिकाको भेषभुषा र पर्यटकीय ठाउं झल्किने भित्तेलेखनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

२९. गाउँपालिकाभित्र रहेका पर्यटकीय पदमार्गहरु, पर्यटकीय क्षेत्रको नक्साङ्कन गरि पर्यटन प्रर्वद्धन गरिनेछ ।

३०. आगामी बर्षमा यस गाउँपालिकामा उत्पादन गरिएका विभिन्न खाद्य वस्तु तथा अन्य उत्पादनहरुको प्रचारप्रचार, बजारिकरण तथा गाउँपालिकाको पहिचानका लागि कोशेली घरको निर्माण गरी संचालनमा ल्याइने छ ।

३१. कृषि क्षेत्रमा बाली बिमा लगायत स्वास्थ्य विमा र पशु–पंक्षीमा समेत लागु गर्न सम्बन्धित निकायमा निरन्तर पहल गरिनेछ ।

३२. **"हाम्रो गाउँ हाम्रो ठाउँ, बाँझो जमिन रहनेछैन कुनै ठाउँ"**भन्ने मुल नाराका साथ कोरोना भाइरस महामारीले बेरोजगार हुन पुगेका व्यक्तिहरुको रोजगारीलाई सुनिश्चिता गर्न **कृषि आधुनिकीकरण कार्यक्रम** मार्फत **एक बस्ती एक उत्पादन** गर्दै रोजगारीको सृजना गरिनेछ । साथै जनताले उत्पादन गरेका कृषि उपजहरुका लागि संकलन केन्द्र, प्याकेजिगं, लेबलिगं तथा बजारिकरणमा थप विस्तार गरिनेछ ।

## सामाजिक विकास

३३. पुर्ण सुपोषित तथा पुर्णसरसफाइयुक्त गाउँपालिका घोषणा गर्न विभिन्न साझेदार संस्था (ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना र सुआहारा कार्यकम)संग सहकार्य गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तरगत महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप सुदृढीकरण गरि व्यवस्थापन गरिनेछ ।

३५. यस अपिहिमाल गाउँपालिका अन्तरगत रहेका दिर्घ रोगी तथा बिरानी जेष्ठ नागरिकहरुलाई आकस्मिक सेवाका लागि सुदुरपश्चिम प्रदेशभित्र नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

३६. उच्च रक्तचाप, मधुमेह र महिलाहरुको पाठेघर सम्बन्धि रोगको रोकथाम, पहिचान, परीक्षण गरी वडास्तरीय सेवा केन्द्रबाट ६० बर्ष माथिका नागरिकहरुको रक्तचाप र मधुमेह जाच गर्ने व्यवस्थाका लागि समुदायमा आधारित हाल संचालनमा रहेका ल्याब सेवा को गुणस्तर बृद्धि गरी आवश्यकता अनुसार ल्याव सेवालाई विस्तारगरिनेछ ।

३७. ४० वर्ष उमेर पूराभएका नागरिकहरु नसर्ने रोगहरुको उच्च जोखिममा पर्ने भएकाले समयमै निदान गर्न एक टोल एक स्वास्थ्यकर्मी कार्यकम सञ्चालन गरिनेछ ।

३८. आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा प्रणालीलाई थप विस्तार र प्रवर्द्धनलाई निरन्तरता दिईनेछ ।

३९. सबै स्वास्थ्यचौकी र आधारभुत स्वास्थ्य केन्द्रबाट विपद् वा महामारीको समयमा संभव भएसम्म अधिकतम स्वास्थ्य सेवा उपलब्ध गराउने प्रवन्ध मिलाईनेछ ।

४०. उमेर नपुगी विवाह गर्ने प्रथालाई न्युनीकरणका गर्न आश्यक निति वनाइ कार्यान्वयनमा ल्याइने छ।

४१. कोभिड १९ को कारणले उच्च जोखिममा रहेका जेष्ठ नागरिकलाई घरदैलो मै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न "**अध्यक्ष जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम**" लागु गरिनेछ ।

४२. यस आर्थिक वर्ष भित्र वडा नं ४ र ५ लाइ पूर्ण संस्थागत प्रसुती वडा घोषणा गरिनेछ ।

४३. गर्भवती र सुत्केरी संग उपाध्यक्ष कोशेली कार्यकम लाइ थप व्यस्थित र निरन्तर सञ्चालन गर्नका लागि कार्यविधि वनाइ अगाडी वढाइने छ ।

४४. वर्थिगं सेन्टरहरु लाइ थप व्यस्थित वनाइ प्रभावकारी सेवा प्रदान गर्न वर्थिगं सेन्टर सुदृढीकरण कार्यकम सञ्चालन गरिने छ ।

४५. गर्भवती तथा सुत्केरीहरुको स्वास्थ्य स्थितिलाई मध्यनजर गर्दै **उपाध्यक्ष विशेष गर्भवती तथा सुत्केरी कार्यक्रम** सञ्चालन गरी घरमा हुने सुत्केरी लाई शुन्यतिर लगिनेछ ।

४६. वहुक्षेत्रीय पोषण कार्यकमको माध्यमबाट वालवालिकाको पोषण स्थितिमा सुधार ल्याउन विद्यालयहरुमा दिवाखाजा कार्यकम लाइ व्यस्थित गर्दै विद्यालयमा खाने गरेको पत्रु खाजा लाई निरुत्साहित गरिने छ ।

४७. शिक्षाको गुणस्तर लाई मध्यनजर गर्दै स्थायी शिक्षकहरु लाई पुर्नताजकी तालिम र स्थानीय स्तरका शिक्षकहरु लाई आधारभुत तालिम दिइनेछ ।

४८. शसर्त तथा प्रदेश सरकार बाट तलब भत्ता खाने कर्मचारीबाहेकका कर्मचारीहरु लाइ काम प्रति प्रोत्साहीत गर्न समयअनुकुल हुने गरि तलव सामायोजन गरिने छ ।

४९. सामुदायिक प्रहरी साझेदारी कार्यक्रम लाइ अझ सुदृढ तथा प्रभावकारी रुपमा सञ्चालन गरिने छ

५०. जेहन्दार तथा अनाथ वालवालिकाहरु लाइ आवाशिय सुविधा उपलव्ध गराइ पठनपाठनको व्यवस्था मिलाइने छ ।

५१. आन्तरिक अल्पसंख्यक विद्यार्थिहरु लाइ दिदै आएको छात्रवृती कार्यकम लाई निरन्तरता दिइने छ ।

५२. गुणस्तरीय स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न ल्याब सेवालाई विस्तार गरिनेछ ।

५३. आकस्मिक स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउनेको लागि गर्भवती सुत्केरी आमा स्वास्थ्य सहयोग कोषको स्थापना गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

५४. **"अपिहिमाल गाउँपालिकाको सपना,नवजात शिशु तथा मातृ मृत्युदर शुन्य हाम्रो परिकल्पना"** भन्ने नारा सहित २४ सैं घण्टा नि:शुल्क प्रसुती सेवालाई प्रभावकारी बनाई सेवा प्रदायकको क्षमता

अभिवृद्धि गर्न SBA तालिम, आवश्यक सामग्री खरिद तथा बर्थिङ्ग सेन्टरमा आवश्यकताको आधारमा नर्सिङ्ग कर्मचारी थप गरिनेछ ।

५५. अपिहिमाल गाउँपालिका भित्रका जेष्ठ नागरिकहरु लाइ उच्च स्तरको स्वास्थ्य सेवामा पहुँच पुर्याउन अपिहिमाल देखि धनगढी कैलाली सम्म नि शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने छ ।

५६. विद्यालय भवन निर्माणका कार्यक्रमहरु लाइ विद्यार्थि अनुपात हेरी आवश्यकताका आधारमा विद्यालय भवनहरु निर्माण गरिने छ ।

५७. वालविवाह न्युनिकरणका लागि कम उमेरमा विवाहित महिला पुरुषहरु संग किशोर किशोरी अन्तरकृया कार्यकम सञ्चालन गरिने छ ।

५८. अपिहिमाल गाउँपालिका वडा नं ६ भित्रका जिर्ण अवस्थामा रहेका खानेपानी तथा सरसफाई योजनाहरु तथा अन्य वडाहरुमा छुटफुट वस्तीहरुका लागि खानेपानी तथा सरसफाइ योजनाहरु सञ्चालन गर्दै पुर्ण सरफाइयुक्त योजना घोषणा गर्न, तीन तारा नमुना विद्यालय घोषणा गर्नका लागि वजेट विनियोजन गरिने छ ।

५९. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समिक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना, पानीको गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना तथा उत्कृष्ट उपभोक्ता समितिकालाई पुरुस्कृत गर्नका लागि गाउपालिकामा एक उपभोक्ता समित मर्मत संभार कोष स्थापना का लागि बजेट विनियोजन गरिनेछ ।

६०. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हिसांत्मक कृयाकलापहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनका आवश्यक व्यवस्था मिलाइनेछ ।

६१. अनइच्छीत गर्भाधारण र असुरक्षीत गर्भपतन लाइ निरुत्साहीत गर्न र महिलाको स्वास्थ्य स्थितिको ख्याल गर्दै सुरक्षित गर्भपतन कार्यकम सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

६२. लामो समय सम्म काम गर्ने परिवार नियोजनका साधनको पहुँचमा वृद्धिगर्न स्वास्थ्यकर्मी हरुलाई आयुसिडी इम्पालन्ट तालिमका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

६३. दिगो विकास लक्ष्य अनुरुप आगामी आर्थिक वर्षमा कुनै एक स्वास्थ्य संस्था लाइ पोषण मैत्री स्वास्थ्य संस्था र वडा नं ४ र ५ लाई पुर्ण संस्थागत प्रसुती वडा घोषणा गरिने छ ।

६४. स्वास्थ्य संस्थाको गुणस्तर सुधारका लागि न्युनतम सेवा मापदण्ड वमोजिम कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

६५. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०७९ भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्णसरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्णसरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसीस्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

६६. महिला शसक्तीकरण तथा आत्मानिर्भरताका लागि समविकास तालिमको व्यवस्था गरिने छ ।

६७. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु २,००,०००भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिकास्तरमा आवश्यक बोटबिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नतस्तरको बहुउद्धेश्यीय नर्सरी स्थापना गर्ने कार्य आरम्भ गरिनेछ ।

६८. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण,बजारिकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै लाइ विस्तार गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ

६९. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीयस्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७०. न्यायिक समितिको कार्य सम्पादन लाइ थप चुस्तताका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ।

७१. न्याय सम्पादन लाइ थप प्रभावकारी वनाउन मेलमिलाप कर्ताहरु न्यायिक कर्मचारीहरु तथा न्यायिक समिति पदाधिकारीहरु लाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।

७२. मेलमिलाप केन्द्रहरुको स्थापना गरि व्यवस्थित गरिने छ ।

७३. **लैगिंक हिंसा न्युनीकरणका** लागि आवश्यक बजेट व्यवस्थापन गरि लैगिंक हिंसा न्युनिकरण गर्न लैगिंक हिंसा निवारणकोष लाइ निरन्तरता दिइने छ ।

७४. अपागंता भएका नागरिकहरु लाई सामाजिक मुलधारमा समाहित गर्न अपागं सहयोग कार्यकम सञ्चालन गरिने छ ।

७५. आमा वुवा विहिन वालवालिका हरुका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिने छ ।

७६. सरसफाईलाई मानवजिवनको जिवनशैली संग जोड्दै दलित बस्तीहरुमा गोठसुधार, आगन सरसफाई र व्यक्तिगत सरसफाइमा पहल गरिनेछ ।

७७. आगामी आर्थिक बर्षमा आर्पिहिमाल गाउँपालिका लाई खरमुक्त गाउँपालिका घोषणा गरिनेछ ।

७८. आवश्यक ठाउँमा बाल उद्यानहरुको स्थापना गरिने छ ।

७९. सरकारी जमिनको तथ्याकं संकलन र भुमिहिनहरुको लगत संकलन गरी भुमि-सुधारलाई थप प्रभावकारी बनाई अगाडी बढाइनेछ ।

८०. एकल पुरुषलाई दिइदै आएको भत्तालाई निरन्तरता दिइने छ ।

८१. गरिबी निवारण कोष मार्फत विभिन्न समुहहरुमा घुम्ती कोषको रुपमा परिचालन भएको ऋण लगानी रकमलाई एकीकृत गरी सहकारीको संस्थागत विकास मार्फत उद्यम व्यवसायमा परिचालन गरी रोजगारीको सृजना गरिनेछ ।

८२. खेलकुद क्षेत्रमा गाउँपालिकाको पहिचान बनाउन तथा क्षेत्रगत विकास गर्न खेलकुदको क्षेत्रमा रहेका प्रतिभाहरुहरुलाई हौसला एंव सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८३. आगामी आ.ब. देखि स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई अन्तिम रुप दिई स्थानिय पाठ्यक्रम लागु गर्न पहल गरिनेछ ।

८४. कोभिड १९ का कारणले गर्दा यसको नियन्त्रण वा अर्को व्यवस्था नहुन्जेलसम्म समुदायस्तरमा पठन पाठनको वैकल्पिक व्यवस्था गरिनेछ ।

८५. विद्यालयको भौतिक पुर्वाधारको निम्ती आवश्यक व्यवस्था गरिनेछ ।

८६. पालिकास्तरमा रहेका प्रत्येक माविस्तरका विद्यालयहरुमा आधुनिक विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट सुविधायुक्त सुचना केन्द्र निर्माण गरिनेछ ।

८७. दलित, विपन्न, सिमान्तकृत, लोपोन्मुख तथा अल्पसंख्यक बालबालिकाहरुको लागि दिदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

८८. आधारभुततहको शिक्षालाई सुदृढिकरण गरी कक्षा १२ सम्मको नि:शुल्क शिक्षामा सम्पुर्ण बालबालिकाहरुको पहुँचलाई जोड दिदै प्राविधिक शिक्षालाई थप व्यवस्थापन गरिनेछ ।

८९. सामुदायिक विद्यालयको शैक्षिकस्तर सुधारका लागि नियमित अनुगमनका साथै उत्कृष्ट विद्यालय प्रधानाध्यापक र शिक्षकलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ साथै दरबन्दी मिलान, शिक्षक-विद्यार्थी अनुपातमा भौतिक संरचना र क्षमता अभिवृद्धि कार्यक्रमका साथै प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

९०. हाल संचालित आधारभुत विद्यालयहरुमा आवश्यक दरबन्दी व्यवस्थापन गर्न पहल गर्नुका साथै बालविकास केन्द्र स्थापना हुन नसकेंका विद्यालयहरुमा यथाशिघ्र बालविकास केन्द्र स्थापना गर्न

पहल गरिनेछ भने विद्यालयबाट टाढा रहेका बस्तीहरुमा सामुदायिक साझेदारीमा आवश्यक सामुदायिक बालविकास केन्द्रको व्यवस्था गरिनेछ ।

९१. मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन र व्यक्तिगत स्वच्छता व्यवस्थापन का लागि आवश्यक विद्यालयहरुको शौचालयहरुमा भेन्डिङ्ग मेशिन जडान र हातधुने सुविधा सहितको स्वच्छ खानेपानी को व्यवस्था गरिनेछ ।

९२. खण्डेश्वरी मावि भित्र छात्रा छात्रबासको व्यवस्था गरी विद्यालयबाट टाढा रहेका विद्यार्थीहरुलाई शिक्षाको मुलधारमा ल्याइनेछ ।

९३. आवश्यक विद्यालयहरुलाई तहगत रुपमा समायोजन गर्दै शिक्षाक्षेत्र सुधार कार्यक्रमलाई थप सुधार गरिनेछ ।

९४. कोभिड १९ ले बालबालिकामा पारेको मानसिक प्रभावलाई पुनःस्थापना गर्न आवश्यक मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरी लागु गरिनेछ ।

९५. हाल दिवा खाजा कार्यक्रम सञ्चालितविद्यालयहरुमा सफा, स्वच्छ खानेकुरालाई मध्यनजर गरी सफा स्वच्छ भान्छाघरको व्यवस्थापन गरिनेछ ।

९६. **"हाम्रा बाबु हाम्रा नानी, हामी आफै बनाऔं ज्ञानी"** कार्यक्रम सञ्चालन गरी कक्षा १ देखि ३ का बालबालिकालाई अभिभावकको दैनिक २ घण्टा उपलब्ध गराउने कार्यलाई अभियानका रुपमा संचालन गर्दै गृहकार्य पुस्तिकालाई कडाईका साथ लागु गरिनेछ ।

९७. गाउँपालिका भित्रका भौतिक पुर्वाधार क्रियाकलापहरुलाई अझै गुणस्तरिय बनाउन गाउँपालिका भित्र काम गर्दै आएका मिस्त्री, दक्ष कामदारहरुलाई सम्वन्धित तालिमदाता साझेदार निकायहरुको समन्वयमा भुकम्प प्रबिधी संरचना निर्माण लगायतका तालिम प्रदान गरि क्षमतावान बनाईनेछ ।

९८. बालविकासहरु लाई अझ प्रभावकारी गुणस्तर र सर्वसुलभ वनाउन वस्ती स्तरमा सामुदायिक वालविकासहरुको स्थापना गरी विद्यालयमा रहेका बालविकासहरु लाई क्रमश वस्तीहरुमा हस्तान्तरण गरिने छ ।

## अध्यक्ष महोदय

## भौतिक पुर्वाधार विकास

९९. बिटुले, पारीबगर, खण्डेश्वरी, घुसा रणनीतिक राजमार्गको पालिकासम्म ट्रयाक खोल्न र चौकीबगर, सितोला हुदै नौगाड जोड्ने सडक निर्माणका लागि संघीय र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।

१००. मानव बस्तीलाई हिलोमुक्त गर्न आवश्यक बस्तीहरुमा ढलनिकासको व्यवस्था गरिनेछ ।

१०१. सिद्ध मकरीकोट पदमार्ग र मकरी दैभात घोरेटो बाटोमा आवश्यक विश्राम स्थलको व्यवस्था गरिनेछ ।

१०२. जनताको मुख्य आवतजावत हुने बाटोलाई काठेपुल मुक्त गरिनेछ।

१०३. प्रत्येक जनता सम्म उज्यालो पहुँचको सुश्चितता गर्न उज्यालो अपि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०४. अपिहिमाल गाउँपालिका वडा नं. ५ र पालिका केन्द्रसम्म केन्द्रीय विद्युतीकरणलाई विस्तार गरिनेछ।

१०५. मज्जे खोला र घट्टे खोला लघु जलविद्युत योजनाको कामलाई यथाशिघ्र सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।

१०६. अपिहिमाल गाउँपालिकाको प्रवेशद्धार वडा नं. ५ रेलामा प्रवेश गेट निर्माण गरिनेछ।

## सुशासन तथा संस्थागत विकास

१०७. इन्टरनेट सेवा नेपाल सरकारको अति आवश्यक सेवामा समावेश भएकोले गाउपालिका कार्यालयमा न्युनतम २० Mbpsर वडा कार्यालयहरुमा ५ Mbpsको वेगमा इन्टरनेट सेवा जडान गरिनेछ।

१०८. विद्यार्थीको पठनपाठन सहज गर्न र प्रविधि मैत्री बनाउन गाउपालिका भरीका विद्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध गराउन नेपाल टेलिकम प्राधिकरण संग सहकार्य गरी संचालन गरिनेछ।

१०९. अपिहिमाल गाउपालिकाको दिगो विकासका लागि आवधिक योजना, रणनीतिक योजना तथा बार्षिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ

११०. अपिहिमाल गाउपालिका सुशासन तथा प्रविधिमैत्री बनाउन (अनलाइन राजस्व संकलन, योजनाको प्रगति, शाखागत मासिक प्रगति प्रतिवेदन आदि) विभिन्न अनलाइन तथा कम्प्युटर मैत्री सेवा संचालनमा ल्याइनेछ।

१११. अपिहिमाल गाउपालिकाबाट प्रवाह गरिने सेवा प्रभावकारी र छिटो छरितो संचालन गर्नका लागि कर्मचारीहरुलाई प्रविधि तथा सेवा सम्बन्धी क्षमता विकास गरिनेछ।

११२. प्रशासनिक तथा संगठनात्मक विकासमा प्रभावकारिता सुनिश्चितता गर्ने उद्धेश्यले कार्यालय, उपभोक्ता समिति, कर्मचारीहरुको कार्यसम्पादन नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

११३. कोभिड १९ को विषम् परिस्थितिलाई मध्यनजर गर्दै जेष्ठ नागरिक, सर्वसाधरण जनता तथा दिर्घ रोगीहरुको स्वास्थ्य स्थितिलाई ध्यान दिदै दिर्घ रोगी, जेष्ठ नागरिकहरुका लागि जिल्लाभरी निःशुल्क र आमजनतालाई सर्वसुलभ र सहज यातायात सुविधा प्रदान गर्ने उद्धेश्यले मकरीगाड

हाइड्रोपावर संग रहेको सामाजिक उत्तरदायित्व कार्यक्रम र गाउँपालिका मिलेर यातायात सुविधा प्रदान गरिनेछ

११४. सुचनाको हकलाई सुनिश्चितता गर्न कम्तीमा प्रत्येक वडा तथा टोलस्तरमा कम्तीमा २ ठाउमा सुचना केन्द्रको स्थापना गरिनेछ ।

११५. भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाहमा सुधार, शान्ति सुव्यवस्था सुदृढिकरण र सुशासन कडाईका साथ लागु गरिनेछ ।

११६. राष्ट्र सेवक कर्मचारीहरुको उच्च मनोबल र सम्मान बढाउन **"जनताको कर्मचारी"** पुरस्कारको व्यवस्था गर्न कोष खडा गरी लागु गरिनेछ ।

११७. सहकारी गठन, दर्ता तथा संस्थागत विकासका लाई प्राथमिकता दिदै कृषिमा आधारित सम्पुर्ण कृषकहरु, कृषक समुह, उपभोक्ता समितिहरुलाई सहकारीमा आवद्ध गराई सहकारी मार्फत जिवनस्तरमा सुधार गर्न सहजीकरण गरिनेछ ।

११८. सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राही तथा पञ्जीकरण लगायत गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक निकायहरु मार्फत प्रवाह गरिने सेवाहरु सेवाग्राहीमैत्री बनाउन Online System मार्फत संचालन गर्ने व्यवस्था मिलाई E-governance को प्रत्याभुति गराउन इन्टरनेट संचार सुविधाको व्यवस्था गरिनेछ ।

११९. सार्वजनिक निर्माण तथा खरिदका कार्यहरुलाई प्रभावकारी र व्यवस्थित गर्न E-Bidding लागु गरिनेछ ।

१२०. आगामी आर्थिक बर्षमा स्थानिय तहका कर्मचारीहरुका लागि श्रम ऐन नियमावली अनुरुप सञ्चय कोष (Provident Fund) को व्यवस्था गरिनेछ ।

अध्यक्ष महोदय

## वातावरण तथा विपद् व्यवस्थापन

१२१. विपद जोखिम न्युनीकरण कार्यलाई प्रभावकारी रुपले संचालन गर्न आपतकालिन केन्द्र स्थापना गरी जोखिम क्षेत्र पहिचान तथा नक्सांकन गरिनेछ ।

१२२. प्रशासनिक तथा संगठनात्मक विकासमा प्रभावकारिता सुनिश्चितता गर्ने उद्धेश्यले कार्यालय, उपभोक्ता समिति, कर्मचारीहरुको कार्यसम्पादन नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

१२३. कोरोना भाईरस (कोभिड १९) संक्रमण रोकथाम तथा नियन्त्रणको लागि क्वारेन्टाइन व्यवस्थापन, आइसोलेसन निर्माण, होल्डिगं सेन्टर निर्माणको लागि आवश्यक भौतिक संरचना सहितको जनशक्ति तथा औषधी उपकरणको व्यवस्थापन गरिनेछ ।

१२४. कोरोना भाईरस (कोभिड १९) रोकथाम तथा नियन्त्रण कोषलाई निरन्तरता दिइनेछ ।

१२५. कोरोना भाईरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका लागि आवश्यकता अनुसार कोभिड १९ बिशेष जनचेतनामुलक कार्यक्रम व्यापक रुपमा संचालन गरिनेछ ।

१२६. सरुवा रोकथाम नियन्त्रण र उपचार एवं स्वास्थ्य विपद् व्यवस्थापनको तयारी तथा प्रतिकार्य गर्न आवश्यक भौतिक संरचना र जनशक्तिको व्यवस्था गरिनेछ ।

१२७. विपद प्रतिकार्य सामग्री खरिदका लागि आवश्यकता अनुसार बजेट विनियोजन गरिनेछ ।

१२८. विपदबाट प्रभावित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श सेवा संचालन गरिनेछ ।

१२९. विपद जोखिम न्युनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१३०. विपद प्रतिकार्यका लागि आपतकालिन कृत्रिम घटना नमुना अभ्यास संचालन गरिनेछ ।

१३१. स्थानिय विपद व्यवस्थापन कोष स्थापनना गरिनेछ ।

**उपस्थित महानुभावहरु,**

**अन्त्यमा**

अपिहिमाल गाउँपालिकाको यस गरिमामय **बाह्रौं गाउँसभामा"स्वरोजगार र श्रम पहिचान, समृद्ध अपिहिमाल निर्माणको अभियान**" ले यस गाउँपालिकाको दीर्घकालीन सोँचलाई झनै टेवा पुग्नेमा बिश्वस्त छु । भने

परिवर्तित राज्य व्यवस्था अन्तरगत नेपालको संविधानले सृजित अधिकारहरु र तिनको कुशल कार्यान्वयन अभ्यास मार्फत समृद्ध गाउँपालिका निर्माणका लागि अवसरयुक्त र **कोरोना रोगका महामारी बिरुद्धको लडाई जित्नु पर्ने** चुनौतिपूर्ण घडिमा अपिहिमाल गाउँपालिकालाई नमुना स्थानीय तहको रुपमा स्थापित गर्न यहाँहरु सबैको निरन्तर सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

साथै स्थानीय सरकार संचालन, निर्माण र आर्थिक, सामाजिक, भौतिक तथा मानवीय विकासका विविध पक्षहरुमा योगदान पुऱ्याउने हुने गाउँपालिकाका राजनीतिक दलहरु, समाजसेवी, बुद्धिजीवी, गैह्र सरकारी क्षेत्र, संचार जगत, राष्ट्र सेवक कर्मचारीहरु, यस गाउँपालिकाबासी,आमजनसमुदायहरु लगायत सम्पुर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !!!